आज मिति २०८३ साल जेष्ठ २१ गते बिहिवारका दिन यस जहदा गाँउपालिका अध्यक्ष श्री जितेन्द्र प्रसाद साह ज्यूको अध्यक्षतामा बसेको गाँउकार्यपालिकाको बैठकमा निम्न बमोजिमको पदाधिकारीहरुको उपस्थिति रहयो।

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जितेन्द्र प्रसाद साह | गाँउपालिका अध्यक्ष | |
| २ | श्री हन्ना सोरेन | गाँउपालिका उपाध्यक्ष | |
| ३ | श्री बाबुराम राजवशी | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री चन्द्र शेखर कुमार साह | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री अनिल कुमार ठाकुर | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री शिव शंकर गामी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मुन्सि मुर्मु | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री सुर्यानन्द मण्डल | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवान मरण्डी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री ज्योति कुमारी मण्डल | कार्यपालिका सदस्य | |
| ११ | श्री तेतरी कुमारी राजभर | कार्यपालिका सदस्य | |
| १२ | श्री सुर्जा देवी पासमान | कार्यपालिका सदस्य | |
| १३ | श्री सरिता देवी सरवरिया | कार्यपालिका सदस्य | |
| १४ | श्री महेन्द्र प्रसाद मण्डल | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी प्रसाद मण्डल | कार्यपालिका सदस्य | |
| १६ | श्री रोशन कुमार गुप्ता | प्रमुख प्रशासकीय अधिकृत | |
| | बैठक व्यवस्थापन कर्मचारीः | | |
| १ | श्री गजेन्द्र भुजेल | अधिकृत सातौं (प्रशासन) | |

जहदा गाउँपालिका गाँउकार्यपालिकाको बैठक मितिः२०८३।०२।२१ गते बिहिबार

प्रस्तावहरुः

१) अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

२) शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।

३) भेरिएशन आदेश सम्बन्धमा ।

४) रकम विनियोजन सम्बन्धमा ।

५) गाउँ शिक्षा योजना स्वीकृत सम्बन्धमा ।

६) रकमान्तर गर्ने सम्बन्धमा ।

७) गाउँसभा सम्वन्धमा ।

८) आ. व. २०८२/०८३ को भुक्तानी समयसिमा सम्वन्धमा ।

९) कन्टेनजेन्सीबाट खर्च गर्ने सम्बन्धमा ।

१०) सेवाग्राही सन्तुष्टि सर्वेक्षण मस्यौदा प्रतिवेदन माथिको छलफल ।

११) विविध

निर्णय नं. १- यस जहदा गाउँपालिका गाउँकार्यपालिकाको यस अघि मिति २०८३/०१/३१ गतेको बैठकको समिक्षा गर्दा उक्त बैठकबाट भएको निर्णयहरु कार्यान्वयन भएको पाईयो ।

निर्णय नं.२- जहदा गाउँपालिका अन्तर्गत शिक्षा समितिको मिति २०८३/०२/१९ गते बसेको बैठकले गरेको देहाय बमोजिमको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

१. जहदा गाउँपालिकाको आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रममा अंग्रेजी माध्यममा कक्षा सञ्चालन गर्ने विद्यालयहरुलाई प्रोत्साहन अनुदान प्रदान गर्ने कार्यक्रम रहेकोले यस गाउँपालिकाबाट मिति २०८३/०१/०८ गते प्रस्तावना पेशका लागि सूचना आह्वान गरिएकोमा निर्धारित समयावधि भित्र प्रस्तावना पेश गर्ने विद्यालयहरुको प्रस्तावनाका आधारमा तपशिल बमोजिम प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| सिनं | विद्यालयको नाम | सञ्चालित कक्षा | अंग्रेजी माध्यममा सञ्चालित कक्षा | अंग्रेजी माध्यम सञ्चालन गर्ने विद्यालयका लागि प्रोत्साहन |
|---|---|---|---|---|
| १ | जनता मा. वि. जहदा-२ | १-१० | १-७ | ८५,००० |
| २ | जनप्रिय आ.वि. जहदा-७ | १-८ | १ देखि ३ | ५५,००० |
| ३ | लक्ष्मी आ.वि. जहदा-३ | १-१० | १-२ | ४०,००० |
| ४ | रामजानकी आ.वि. जहदा-५ | १-५ | नर्सरी- १ | ३०,००० |
| ५ | लक्ष्मी आ.वि. जहदा-१ | १-५ | नर्सरी-१ | ३०,००० |
| ६ | बुद्धेश्वरी मा.वि. जहदा-१ | १-१० | १-५ | ६५,००० |
| ७ | लक्ष्मी आ.वि. जहदा-४ | १-८ | नर्सरी-१ | ३०,००० |
| ८ | दुर्गा मा. वि. जहदा-५ | १-१२ | नर्सरी-५ | ६५,००० |
| ९ | श्री मा.वि. वैरीया जहदा-२ | १-१० | १-३ | ५०,००० |
| १० | जनता मा. वि. जहदा ६ | १-१२ | १-३ | ५०,००० |
| | जम्मा | | | ५,००,००० |

२. शिक्षा शशर्त अनुदान अन्तर्गत विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षकमा विद्यालयमा भर्चुअल शिक्षण इ-लर्निङ पुस्तकालय र विज्ञान प्रयोगशालाको लागि सामाग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन शिर्षकमा रु १० दश लाख बजेट विनियोजन भएकोले यस कार्यालयवाट मिति २०८३/०१/०८ गते प्रस्ताव आह्वान गरिएकोमा निर्धारित समयमा प्रस्तावना पेश गर्ने विद्यालयहरुको प्रस्तावनाको आधारमा श्री दुर्गा माध्यमिक विद्यालय जहदा-५, लाई असार १५ गतेभित्र कार्यसम्पन्न गर्ने गरी कार्यक्रम उपलब्ध गराउने निर्णय गरियो।

३. यस गाउँपालिका स्थित वडा नं २ सन्थाल बस्तीमा सञ्चालित बालविकास केन्द्र श्री सागेन बालविकास केन्द्रलाई सञ्चालन व्यवस्थापनका लागि प्रत्येक वर्ष शिक्षण सिकाई अनुदान प्रदान गर्दै आएकोमा यस आ. व. मा समेत शिक्षण सिकाइ अनुदान शिर्षकमा रु ३,५०,०००। बजेट विनियोजन भएकोले शिक्षण सिकाइ अनुदान शिर्षकबाट सो बालविकास केन्द्र सञ्चालन व्यवस्थापनमा रु १,८०,०००।- (अक्षेरेपी रु एक लाख असी हजार रुपैया) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३- यस आ.व. ०८२/०८३ का लागि संघीय सरकार समपुरक अनुदान अन्तर्गत सन्थाल संग्राहलय भवन निर्माण, जहदा-७ योजनामा विनियोजित रकम रु.१,५०,००,०००।-(एक करोड पचास लाख मात्र) बाट ठेक्का मार्फत गर्नका लागि E-Bidding मार्फत बोलपत्र माग भए बमोजिम ठेक्का नं. JRM/WORKS/NCB/082/083-15 "सन्थाल संग्राहलय भवन निर्माण, जहदा-७" को कबोल रकम रु.१,०७,८१,५४६।०८ (भ्याट र पि.एस.समेत)मा श्री एस.वाई.ग्रुप अफ कम्पनी प्रा.लि., विराटनगर-१२,मोरङ र यस जहदा गाउँपालिका बिच ठेक्काको म्याद मिति २०८३/०२/३१ कायम गरी मिति २०८२/१०/०९ गते ठेक्का सम्झौता भई निर्माण कार्य सञ्चालनको क्रममा ठेक्का आव्हान् हुँदा तयार भएको लागत अनुमानमा भवन निर्माणका लाग आवश्यक केही Item राख्न छुट भएको र केही Item आवश्यकता भन्दा बढी रहन गएको, लागत अनुमानमा Ceiling AC उल्लेख भएको तर उक्त भवनमा हाल रहेको फल्स सिलिङ र छानोको बिचमा रहेको भागमा ग्याप कम भएको कारण Ceiling AC राख्न नमिल्ने भई Wall AC लगाउनु पर्ने बाध्यात्मक अवस्था रहेको, सबै कोठाहरुमा Tiles लगाउनका लागि प्रत्येक कोठाको आल्मुनियम ढोकाको लम्बाई काट्नु पर्ने भएको, Urinal र Water TanK राख्ने लगाएतका अन्य कुराहरु पनि BOQ मा उल्लेख भएको भन्दा थप गर्नु पर्ने र BOQ मा उल्लेख भएका केही Item हटाउनु पर्ने भएकोले उक्त कार्य गर्नका लागि भेरिएसन आदेश जारी गरिपाउँ भनि मिति २०८३/०२/११ मा ठेकेदारबाट निवेदन पेश हुन आई सो निवेदनका आधारमा निर्माण कार्य सञ्चालन भई रहेको ठेक्काको साईट ईन्चार्जबाट पेश हुन आएको प्राविधिक प्रतिवेदनमा पनि ठेकेदारबाट पेश हुन आएको निवेदनमा भएको व्यहोरा बमोजिम ठेक्काको लागत अनुमानमा भएको विवरण भन्दा केही Item थप घट गर्नु परेकोले Revised Estimate गरी Variation Order जारी गर्नुपर्ने अवस्था भई सो कार्यको निर्णयका लागि कार्यालयको मिति २०८३/०२/१८ गतेको निर्णयबाट कार्यपालिका बैठकमा पेश हुन आएकोले सन्थाल संग्राहलय भवनको निर्माण कार्य हाल सञ्चालन भई रहेको, सानो-सानो Item थप घट गर्नु पर्ने भएकोले ठेकेदारबाट पेश हुन आएको निवेदन र प्राविधिकबाट पेश हुन आएको प्रतिवेदन बमोजिम Revised Estimate गरि Variation Order को प्रकृया अगाडी बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.४- यस गाउँपालिकाको चालु आ.व. ०८२/०८३ को स्वीकृत नीति, कार्यक्रम तथा बजेटमा रकम विनियोजन नभएको भएतापनि देहाय बमोजिमका योजनाहरु सञ्चालन गर्न अत्यावश्यक भएकोले देहाय बमोजिमको शिर्षकबाट खर्च हुने गरी देहाय बमोजिमका योजनाहरुमा रकम विनियोजन गरी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

जहदा गाउँपालिका गाँउकार्यपालिकाको बैठक मिति:२०८३।०२।२१ गते बिहिबार

तपसिल

| क.सं. | योजनाको नाम | विनियोजित रकम रु. | विनियोजन हुने खाता | कैफियत |
|---|---|---|---|---|
| १ | बभनटोली कालोपत्रेदेखि फलामे पुलसम्म सडक स्तरोन्नती, जहदा-३ | ६,५०,०००।- | मर्मत संभार कोष खाता | |
| २ | लक्ष्मिनियाँचोकको कालोपत्रेदेखि सुदाम सिंहको घरसम्म सडक मर्मत, जहदा-५, मोरङ । | २,००,०००।- | मर्मत संभार कोष खाता | |
| ३ | फलामेपुलदेखि पूर्वटोल हुँदै कल्भर्ट सम्म बाटो मर्मत, जहदा-२ | १०,००,०००।- | मर्मत संभार कोष खाता | |

निर्णय नं.५- यस जहदा गाउँपालिका अन्तर्गत शिक्षा समितिको मिति २०८३/०२/१९ गते बसेको बैठकको निर्णयबाट जहदा गाउँपालिकाको १० वर्षे गाउँ शिक्षा योजना तयार भई स्वीकृतीका लागि पेश हुन आएकोले उक्त गाउँ शिक्षा योजना, २०८२-२०९२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६- यस गाउँपालिकाको चालु आ.व. ०८२/०८३ को स्वीकृत नीति, कार्यक्रम तथा बजेटमा रकम विनियोजन भएका देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु विविध कारणले सञ्चालन हुन नसकेकोले उक्त योजना तथा कार्यक्रममा विनियोजन भएको रकमलाई देहाय बमोजिमको योजनाहरुमा रकमान्तर गरी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम रु. | संशोधित कार्यक्रमको नाम | संशोधित रकम रु. |
|---|---|---|---|---|
| १ | न्याय शाखाको लागि सफ्टवेयर खरिद | ५,००,०००।- | प्रहरी चौकी,स्वास्थ्य चौकी पूर्वाधार(आल्मुनियम झ्याल,ढोका र पार्टिशन) निर्माण र शिलान्यास निर्माण कार्य | २,१५,०००।- |
| २ | नेपाल रेडक्रस सोसाईटीसँग साझेदारी | १०,००,०००।- | प्रशासकीय भवनमा आल्मुनियम पार्टिसन गर्ने कार्य | १०,००,०००।- |
| ३ | बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम निरन्तर | २,००,०००।- | GESI Audit गर्ने कार्य | २,००,०००।- |

निर्णय नं. ७- यस गाउँपालिकाको दोस्रो गाउँसभाको ११ औ अधविशन (आ.व. २०८३/०८४ को) मिति २०८३ साल असार ४ गते बिहिवार बिहान ११:०० बजे समुदघाटन गर्ने सर्वसम्मत निर्णय पारीत गरियो ।

निर्णय नं. ८- चालु आ. व. २०८२/०८३ को विनियोजन कार्यक्रम तथा योजनाहरुको श्रृजित दायित्व भुक्तानी गर्नका लागि आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३० (१) मा उल्लेखित प्रावधान बमोजिम आर्थिक वर्ष समाप्त हुनु भन्दा ७ दिन अधी नै भुक्तानी निकासा बन्द गर्नु पर्ने कानूनी व्यवस्थाका साथै SuTRA प्रणालीमा आ. व. को अन्त्यमा चाप भइ भुक्तानी हुन नसक्ने सम्भावना रहने तथा संघीय र प्रदेश सरकार लाइ फिर्ता गर्नुपर्ने रकम समयमै फिर्ता गर्नुका साथै करको हिसाब मिलान गर्न समयलाग्ने भएकाले असार १८ गते भित्र वडा कार्यालय तथा शाखामातहत संचालित सम्पुर्ण भुक्तानीका फाइल पेश गरिसक्नु पर्ने र योजना तर्फको हकमा असार २० गते भित्र फाइल भुक्तानीका लागि पेश गर्न गराउन सम्बन्धित सबैमा जानकारीका लागि सूचना सम्प्रेषण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.९ यस पालिका अन्तर्गत प्रशासनिक भवन, वडा कार्यालयहरु, रामजानकी आ.वि. जहदा-५, मा सुरक्षा संवेदनशिलतालाई मध्यनजर गरी सि.सि.क्यामरा जडान भएकोमा गाउँ कार्यपालिकाको कार्यालय जहदा मोरङ र साह ट्रेर्ड एण्ड ग्रुप विराटनगर बिच भएको सम्झौता अनुसार विल बमोजिमको रकम कन्टेनजेन्सीबाट भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१० जहदा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र विराट मल्टी टेक्निकल एण्ड रिसर्च सेन्टर प्रा.लि. विराटनगर बिच भएको सम्झौता बमोजिम उक्त प्रा.लि. ले तयार पारेको सेवाग्राही सन्तुटि सर्वेक्षण मस्यौदा प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.११ यस गाउँपालिकामा प्राप्त पत्र तथा निवेदनहरु मध्ये देहाय बमोजिम आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो।

| क्र.सं. | | ठेगाना | सहयोग गरिने क्षेत्र | सहयोग रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १ | नविन गौतम | जहदा-२ | लागु पदार्थ दुर्व्यसनी विरुद्द सचेतना कार्यक्रम | १०,०००।- | आर्थिक सहयोग |
| २ | अशोक सुतियार | जहदा-१ | उपचार खर्च | १०,०००।- | आर्थिक सहयोग |
| ३ | भरत मण्डल | जहदा-१ | उपचार खर्च | ५,०००।- | आर्थिक सहयोग |
| ४ | दिनेश मण्डल | जहदा-१ | उपचार खर्च | ५,०००।- | आर्थिक सहयोग |